# मुसिकोट राजपत्र


## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८) मुसिकोट,गुल्मी, माघ ६ गते,२०८१ साल (संख्याः८


# भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

**मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा विपद् व्यवस्थापन गर्न बनेको(प्रथम संसोधन) ऐन, २०८१**

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरसभाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा विपद व्यवस्थापन गर्न बनेको(प्रथम संसोधन ) ऐन,२०८१

प्रस्तावनाः

मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७९(यस पछि मूल ऐन भनि नामाकरण गरिएको)लाई संसोधन गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगर सभाले देहाय वमोजिम संसोधन गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा विपद  व्यवस्थापन गर्न बनेको (प्रथम संसोधन )ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा विपद् व्यवस्थापन गर्न बनेको ऐन, २०७९ लाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको मुसिकोट नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(घ) "मुल ऐन" भन्नाले मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा विपद व्यवस्थापन गर्न बनेको ऐन २०७९ लाई सम्झनु पर्दछ ।

(ङ) "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

**३.मूल ऐनको दफा १ को उपदफा १ मा संसोधनः** मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७९को दफा १ को उपदफा १ को सट्टा देहाय बमोजिमको दफा राखिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा विपद  व्यवस्थापन गर्न बनेको ऐन, २०७९" रहेको छ ।

**४.मूल ऐनको दफा १२ को उपदफा ५ मा संसोधनः** मुसिकोट नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७९को दफा १२ को उपदफा ५ को सट्टा देहाय बमोजिमको दफा राखिएको छ ।

(५) विपद् व्यवस्थापन सम्बन्धी देहाय बमोजिमका कामका लागि विपद् व्यवस्थापन कोषको रकम प्रयोग गरिनेछ ।

(क) उद्धार,राहत तथा घाइते/विरामीको उपचार/व्यवस्थापन

(ख) शव व्यवस्थापन, काजक्रिया, अस्थायी आवास निर्माण तथा आश्रय व्यवस्थापन

(ग) खाद्यान्न आपूर्ति,लत्ता कपडा व्यवस्थापन र आवश्यक भाडावर्तन खरिद

(घ) नीजि आवास पुननिर्माण तथा पुनर्स्थापना

(ङ) नीजि आवास निर्माणको लागि घडेरी/जग्गा व्यवस्थापनको लागि एकमुष्ठ अनुदान

(च) विपद व्यवस्थापन सम्बन्धी अन्य काम

प्रमाणिकरण मिति
२०८१।१०।०४

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू १०

मुसिकोट राजपत्र